नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ति

**झुट्टा तथा नक्कली मूल्य अभिवृद्धि कर बिजकको प्रयोग गरी रु. एक अर्ब उनान्तीस करोड छत्तीस लाख एक हजार पाँच सय बैसठ्ठी राजस्व चुहावट गरेको अभियोगमा विभागबाट मिति २०७६/०८/०८ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर।**

राजस्व अनुसन्धान विभागले स्थायी ठेगाना जिल्ला बारा कलैया नगरपालिका वडा नं.-४ भई हाल ललितपुर महानगरपालिका वडा नं.-३ धोबिघाट बस्ने बिनोद कुमार अग्रवाल, जिल्ला झापा साविक अनारमनी गा.वि.स. वडा नं.-३ स्थायी ठेगाना भई हाल ललितपुर महानगरपालिका वडा नं.-२३ हात्तिवन बस्ने विकास अग्रवाल समेतले निम्न आर्थिक अवस्था भएका मजदुरहरुको नाममा फर्म दर्ता गरी झुट्टा तथा नक्कली मूल्य अभिवृद्धि कर बिजकको प्रयोग गरी रु. एक अर्ब उनान्तीस करोड छत्तीस लाख एक हजार पाँच सय बैसठ्ठी राजस्व चुहावट गरेको अभियोगमा मिति २०७६।०८।०८ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ। प्रतिवादीले विभिन्न व्यक्तिका नाममा आर्यन ट्रेडिंग कन्सर्न, अनामिका ट्रेडर्स, अमिशा ट्रेडिंग कन्सर्न, प्रसुमा सप्लायर्स प्रा.लि., स्मारिका जनरल सप्लायर्स, नाईस ट्रेडिङ्ग, जेनिशा ट्रेड एण्ड सप्लायर्स, सुशीम ट्रेड इन्टरप्राईजेज प्रा.लि., सीमस ट्रेड इन्टरनेशनल, निशिला ट्रेडिंग, अविन ट्रेडिङ, किशा ट्रेड ईन्टरप्राईजेज, श्रीअन्तु जनरल सप्लायर्स समेतका १३ वटा विभिन्न फर्म र कम्पनीहरु दर्ता गरी वास्तविक रुपमा मालबस्तु खरिद बिक्री नै नगरी विभिन्न फर्महरुलाई झुट्टा तथा नक्कली मू.अ. कर बिजक मात्र बिक्री गरी त्यस्ता फर्महरुबाट जारी भएका मू.अ. कर बिजकमा उल्लेखित मू.अ. कर रकम नेपाल सरकारको राजस्व खातामा नबुझाई राजस्व छली गरेको र ति फर्महरुबाट जारी भएको झुट्टा तथा नक्कली मू.अ. कर बिल बिजकबाट खरिदकर्ताले मू.अ. कर तर्फ क्रेडिट दाबी र आयकरतर्फ खर्च दाबी गरी मू.अ. कर तथा आयकर दायित्व घटाई कूल रु.१,२९,३६,०१,५६२।०० (अक्षरेपि एक अर्व उनान्तिस करोड छत्तिस लाख एक हजार पाँच सय बैसठ्ठी मात्र) राजस्व छली गरेको देखिएको र सो कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३ ले निषेधित ऐ ऐनको दफा ४ को उपदफा (क) र (ख) बमोजिमको कसूरजन्य कार्य भएको हुँदा निज प्रतिवादी विनोद कुमार अग्रवाल समेत २१ (एक्काइस) जना विरुद्द निजहरुले गरेको झुट्टा तथा नक्कली मू.अ. कर बिजकको प्रयोगबाट चुहावट भएको राजस्व रकम बमोजिम रु.१,२९,३६,०१,५६२।०० (अक्षरेपि एक अर्व उनान्तिस करोड छत्तिस लाख एक हजार पाँच सय बैसठ्ठी मात्र) लाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा २(छ१) बमोजिम विगो कायम गरी निज प्रतिवादीहरुबाट असूल उपर गर्न र निजहरुलाई कसूरको मात्रा हेरी अभियुक्तहरुलाई सोही ऐनको दफा २३(१) बिगोको दोब्बरसम्म जरिवाना र तीनवर्षसम्म कैद सजाय र मतियारलाई ऐ ऐनको २३(२) बमोजिम मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुन मागदावी सहित अदालतमा मुद्दा दायर गरेको हो।

**मुद्दाका प्रतिवादीहरु**

| क्र.स. | नाम, थर | कैफियत |
|---|---|---|
| १. | बिनोद कुमार अग्रवाल | मूख्य व्यक्ति |
| २. | विकास अग्रवाल | मूख्य व्यक्ति |
| ३. | पार्वती महरा | प्रोप्राइटर- नाइस ट्रेडिङ्ग र प्रसुमा सप्लायर्स प्रा.लि. |
| ४. | शिव शंकर वोगटी | प्रोप्राइटर- आर्यन ट्रेडिङ्ग कन्सर्न |
| ५. | पुजा महरा | प्रोप्राइटर- निशिला ट्रेडिङ्ग र सुशिम ट्रेड इन्टरप्राइजेज |
| ६. | अम्बिका अधिकारी | प्रोप्राइटर- अमिशा ट्रेडिङ्ग कन्सर्न |
| ७. | अशोक अधिकारी | प्रोप्राइटर- स्मारिका जनरल सप्लायर्स |
| ८. | सेर बहादुर कार्की | प्रोप्राइटर- सीसम ट्रेड इन्टरनेशनल |
| ९. | धर्म प्रसाद दहाल | प्रोप्राइटर- अनमिका ट्रेडर्स |

| क्र.स. | नाम, थर | कैफियत |
|---|---|---|
| १०. | जानुका अधिकारी | प्रोप्राइटर- जेनिशा ट्रेड एण्ड सप्लायर्स |
| ११. | रेनुका अधिकारी | प्रोप्राइटर- अविन ट्रेडिङ्ग |
| १२. | किरण थापा | प्रोप्राइटर- किशा ट्रेड इन्टरप्राइजेज |
| १३. | सविन कणेल | प्रोप्राइटर- श्रीअन्तु जनरल सप्लायर्स |
| १४. | शिव मन्दिल श्रेष्ठ | व्यवसायी |
| १५. | वालन कुमार श्रेष्ठ | व्यवसायी |
| १६. | भुवन पाण्डे | चार्टर्ड एकाउन्टेन्ट |
| १७. | कृष्णहरी मरहट्टा | लेखा परीक्षक |
| १८. | देवराज उपाध्याय | लेखा परीक्षक |
| १९. | संजयराज पाण्डे गुरुघराना | लेखा परीक्षक |
| २०. | निरोज के.सी. | कर सहयोगी |
| २१. | गोपाल प्रसाद भट्टराई | कर सहयोगी |

**सूचना अधिकारी**

**राजस्व अनुसन्धान विभाग**